# नेपाल नगरपालिका संघ

## उत्कृष्ट नगरपालिका छनौटका लागि प्रश्नावली फारम
## २०७७

**प्रश्नावली भर्ने जानकारी :**

१. प्रश्नावली नं. १ देखि ४६ सम्म क, ख, ग र घ मध्ये आफ्नो नगरपालिकासँग मिल्ने कुनै एकवटा विकल्पमा चिन्ह लगाउनु पर्नेछ ।

२. प्रश्नावली भरीसकेपछि प्रमुख प्रशासकीय अधिकृतबाट रुजु गराई नगरप्रमुखबाट प्रमाणित गरी नगरपालिकाको छाप लगाई सूचनामा उल्लेखित मितिभित्र नेपाल नगरपालिका संघ केन्द्रीय कार्यालय वा संघको प्रदेश कार्यालयमा पठाउनु पर्नेछ ।

३. प्रश्नावलीमा उल्लेख भएका विषय अस्पष्ट भएमा फोन, इमेल मार्फत संघको कन्द्रीय कार्यालय वा प्रदेश कार्यालयबाट थप जानकारी लिन सकिने छ ।

## क) शहरी सेवा प्रवाह तथा सुशासन (पूर्णांक ३०)

**१. आर्थिक वर्ष २०७६/७७ मा नगर कार्यपालिकाको बैठक कतिपटक बसेको थियो ?**

क) मासिक रुपमा नियमित बैठक नबसेको ☐ ० अंक
ख) सामान्यतया महिनामा एक पटक बैठक बसेको ☐ १ अंक
ग) प्रत्येक महिनामा एक पटकमा नघट्ने गरी आवश्यकता अनुसार बैठक बसेको ☐ २ अंक
*(पुष्ट्याईको आधार : निर्णय पुस्तिका)*

**२. नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कार्यविधि बनाई लेखा समिति, विधायन समिति, सुशासन समिति गठन गरिएको छ कि छैन ?**

क) माथिका कुनै पनि समिति गठन भएको छैन ☐ ० अंक
ख) माथिका कम्तिमा एउटा समिति गठन भई सक्रिय रहेको ☐ १ अंक
ग) माथिका तीनवटै समिति गठन भई सक्रिय रहेको ☐ २ अंक
*(पुष्ट्याईको आधार : निर्णय, कार्यविधि, समितिका बैठकका निर्णय पुस्तिकाहरु)*

**३. नगरपालिकाले गठन गर्ने समितिमा समावेशितालाई ध्यान दिने गरिएको छ ?**

क) समानुपातिक समावेशितालाई ध्यान नदिएको ☐ ० अंक
ख) कम्तिमा ३३% महिला तथा नगरपालिकावासी दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम आदिको प्रतिनिधिमूलक सहभागिता गराउने गरिएको ☐ २ अंक
*(पुष्ट्याईको आधार : नगरपालिकाको निर्णय, समिति सम्बन्धी अभिलेख)*

**४. आर्थिक वर्ष २०७६/७७ मा नगरपालिकाबाट नगरवासी तथा सरोकारवालाहरु समेतको सहभागितामा नगरस्तरीय सार्वजनिक सुनुवाईको आयोजना कति पटक गरिएको थियो ?**

क) एक पटक पनि नभएको ☐ ० अंक
ख) कम्तिमा एक पटक भएको ☐ १ अंक
ग) प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरि उठेका सवालहरुको सम्बोधन गरेको ☐ २ अंक
*(पुष्ट्याईको आधार : निर्णय, प्रगति प्रतिवेदन, अभिलेख)*

**५. नगरपालिकाले एकल अधिकार क्षेत्रभित्रका विषयमा विद्यायन समितिमा दफावार छलफल गरि नगरसभा वा कार्यपालिकाबाट पारित भएको कानून राजपत्रमा प्रकाशन गरि कतिवटा स्थानीय कानून कार्यान्वयनमा ल्याएको छ ?**

क) कानून नै नबनाएको ☐ ० अंक

ख) पाँच भन्दा कम ऐन र पाँचवटासम्म नियम, निर्देशिका, कार्यविधि र मापदण्ड गरी कुल १० वटासम्म कानून बनाई कार्यान्वयन गरेको ☐ १ अंक

ग) पाँच भन्दा बढी ऐन र पाँचभन्दा बढी नियम, निर्देशिका, कार्यविधि र मापदण्ड गरी कुल १० वटाभन्दा बढी कानून बनाई कार्यान्वयन गरेको ☐ २ अंक

*(पुष्ट्याईको आधार : विधायन समिति, स्थानीय राजपत्र, स्वीकृत कानूनको प्रति)*

**६. नगरपालिकाबाट सम्पादन हुने विकास निर्माण कार्यको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइएको छ, छैन?**

क) अनुगमन गर्ने व्यवस्था छैन ☐ ० अंक

ख) नगरस्तरिय र वडास्तरिय अनुगमन समितिबाट अनुगमन गर्ने व्यवस्था मिलाएको ☐ १ अंक

ग) सूचकका आधारमा अनुगमन गरी अनुगमनबाट देखिएका कमजोरीलाई सुधार गर्ने गरेको ☐ २ अंक

*(पुष्ट्याईको आधार : अनुगमनको व्यवस्था वारे निर्णय, अनुगमनको सूचक सहित प्रतिवेदन, सुधार सम्बन्धी अभिलेख)*

**७. नगर सभा तथा कार्यपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुका लागि आचार संहिता वनाई लागू गरेको छ, छैन ?**

क) नभएको ☐ ० अंक

ख) भएको ☐ १ अंक

ग) पूर्णरुपमा पालना भइरहेको ☐ २ अंक

*(पुष्ट्याईको आधार : आचार संहिता दस्तावेज, निर्णय र प्रगति प्रतिवेदन)*

**८. नगरपालिकामा शिक्षामा सवै वालवालिकाको पहुँचको अवस्था कस्तो छ ?**

(क) विद्यार्थी भर्ना दर ८०% भन्दा कम रहेको र अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर नघटेको ☐ ० अंक

(ख) विद्यार्थी भर्ना दर ८०%-९०% भई अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% सम्म घटेको ☐ १ अंक

(ग) विद्यार्थी भर्ना दर ९०% भन्दा बढी र अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% भन्दा बढीले घटेको ☐ २ अंक

*(पुष्ट्याईको आधार : नगरपालिकाको प्रोफाइल, शिक्षा शाखाको अभिलेख, प्रतिवेदन)*

**९. नगरपालिकामा खोप सेवा प्राप्त गर्ने वालवालिकाको प्रतिशत कति छ ?**

(क) अनिवार्य गरिएका खोप ८०% भन्दा कम वालवालिकाले मात्र प्राप्त गरेको ☐ ० अंक

(ख) अनिवार्य गरिएका खोप ८०%-९५% सम्म वालवालिकाले प्राप्त गरेको ☐ १ अंक

(ग) अनिवार्य गरिएका खोप ९५% भन्दा बढी वालवालिकाले प्राप्त गर्ने गरेको ☐ २ अंक

*(पुष्ट्याईको आधार : स्वास्थ्य शाखाको अभिलेख, प्रतिवेदन)*

**१०. नगरपालिकामा स्थानीय बजारको मूल्य तथा गुणस्तरको अनुगमन गर्ने गरिन्छ कि गरिदैन ?**

(क) बजार अनुगमन संयन्त्र बनाइएको छैन र अनुगमन गर्ने गरिएको पनि छैन ☐ ० अंक

(ख) बजार अनुगमन संयन्त्र बनाइएको छ तर अनुगमन गर्ने गरिएको छैन वा संयन्त्र छैन तर अनुगमन गर्ने गरिएको छ ☐ १ अंक

(ग) बजार अनुगमन संयन्त्र बनाइएको छ र नियमित अनुगमन गर्ने पनि गरिएको छ ☐ २ अंक

*(पुष्ट्याईको आधार : निर्णय, अनुगमन प्रतिवेदन, कार्यवाहीको अभिलेख)*

**११. नगरपालिकाको आन्तरिक कार्यप्रणाली तथा विद्युतीय शासनको अवस्था कस्तो छ ?**

(क) परम्परागत (manual) रुपमा कार्यालयमा मात्र सिमित रहेको ☐ ० अंक

(ख) सेवा प्रवाहलाई पहुँचयोग्य तथा छिटो छरितो बनाउन केही सेवामा नवीनतम प्रविधिको प्रयोग गरिएको (आंसिक Degitilized) ☐ १ अंक

(ग) सेवा प्रवाहलाई सहज र छरितो बनाउन विद्युतीय शासनको उच्चतम प्रयोग गरिएको (पुर्ण Degitilized) ☐ ३ अंक

*(पुष्ट्याईको आधार : ( Apps, Software,online सेवा, E payment, अभिलेख, )*

**१२. आर्थिक वर्ष २०७६/७७ मा न्यायिक समितिमा परेको आफ्नो अधिकार क्षेत्रभित्रको कति प्रतिशत उजुरी फछ्र्यौट भयो ?**

(क) उजुरीको ५०% भन्दा कम ☐ ० अंक

(ख) उजुरीको ५०% देखि ७०% सम्म ☐ १ अंक

(ग) उजुरीको ७०% देखि ९५% सम्म ☐ २ अंक

*(पुष्ट्याईको आधार : न्यायिक समितिको अभिलेख, प्रगति प्रतिवेदन)*

**१३. शहरी गरिबी तथा बेरोजगार जनशक्तिको तथ्याङ्क तथा सुचीकरण र बर्गिकरण गरिएको छ ?**

(क) तथ्याङ्क छैन ☐ ० अंक

(ख) शहरी गरिबी तथा बेरोजगार जनशक्तिको अध्यावधिक तथ्याङ्कमात्र छ ☐ १ अंक

(ग) शहरी गरिबी तथा बेरोजगार जनशक्तिको अध्यावधिक तथ्याङ्कका साथै सुचीकरण र वर्गिकरण गरिएको छ ☐ २ अंक

(घ) शहरी गरिबी तथा बेरोजगार जनशक्तिको अध्यावधिक तथ्याङ्कका साथै सुचीकरण र वर्गिकरण गरि रोजगारी समेत प्रदान गरिएको छ ☐ ३ अंक

*(पुष्ट्याईको आधार :* अध्यावधिक तथ्याङ्क, बरोजगार जनशक्तिको सुची र बर्गीकरण दस्तावेज *)*

**१४. नगरपालिका र नागरिक विचको सम्पर्क /अन्तरक्रियाको माध्यम के छ ?**

(क) सिधा (Direct) सम्पर्कको माध्यम उपलब्ध छैन ☐ ० अंक

(ख) प्रतेक घर परिवारको सम्पर्क नम्वर तथा ईमेल सहितको सुचना प्रणालीको व्यवस्था गरिएको छ। ☐ २ अंक

*(पुष्ट्याईको आधार : सुचना प्रणाली, Data Base, Apps)*

## (ख) बित्तीय अनुशासन, राजस्व परिचालन र पूर्वाधार विकासमा लगानी (पूर्णांक ३०)

**१५.आ.ब. २०७६/७७ मा नगरपालिकाले सार्वजनिक खरीद नियमावली बनाई कार्यान्वयनमा ल्याएको छ, छैन?**

क) खरीद नियमावली नबनेको ☐ ० अंक
ख) खरीद नियमावली बनाई कार्यान्वयनमा ल्याएको ☐ २ अंक

*(पुष्ट्याईको आधार: नगरपालिकाले तयार गरेको खरीद नियमावली)*

**१६. नगरपालिका तथा वडा कार्यालयहरुले आ.ब. २०७६/७७ मा आफ्नो आय र ब्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्ने गरेको छ/छैन ?**

(क) सार्वजनिक गर्ने नगरेको ☐ ० अंक
(ख) अनियमित रुपमा सार्वजनिक गर्ने गरेको ☐ १ अंक
(ग) नियमित रुपमा सार्वजनिक गर्ने गरेको ☐ २ अंक

*(पुष्ट्याईको आधार: वडा कार्यालयले सार्वजनिक गरेको प्रमाणित विवरण)*

**१७. नगरपालिकाले आ.ब. २०७६/७७ को आय तथा ब्ययको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गरेको थियो/थिएन?**

(क) आन्तरिक लेखापरीक्षण नभएको ☐ ० अंक
(ख) आन्तरिक लेखापरीक्षण भएको ☐ १ अंक
(ग) आन्तरिक लेखापरीक्षण भै सम्परिक्षण समेत भएको ☐ २ अंक

*(पुष्ट्याईको आधार: आन्तरिक लेखापरीक्षण प्रतिवेदन, मलेप प्रतिवेदन)*

**१८. आ.ब. २०७६/०७७ को अन्तिम लेखापरीक्षणले नगरपालिकाको कुल खर्चमा औल्याएको बेरुजुको मात्रा कति रहेको छ ?**

(क) २० प्रतिशतभन्दा बढी ☐ ० अंक
(ख) २० प्रतिशतभन्दा कम ☐ १ अंक
(ख) १० प्रतिशतभन्दा कम ☐ २ अंक
(ग) १ प्रतिशतभन्दा कम ☐ ३ अंक

*(पुष्ट्याईको आधार: अन्तिम लेखापरिक्षण प्रतिवेदन)*

**१९. नगरपालिकाले आफ्नो वित्तीय अधिकार क्षेत्रभित्र रहेका आन्तरिक श्रोत बृद्धिका लागि कुनै अध्ययन तथा अनुसन्धानहरु गरेको छ/छैन?**

(क) कुनै अध्ययन तथा अनुसन्धान नभएको ☐ ० अंक
(ख) अध्ययन भएको तर अध्ययनका सुझावहरु कार्यान्वयन नभएको ☐ १ अंक
(ग) अध्ययनका सुझावहरु पूर्णरुपमा कार्यान्वयनमा आएको ☐ २ अंक

*(पुष्ट्याईको आधार: अध्ययन प्रतिवेदन र बार्षिक योजना पुस्तक)*

**२०. आ.ब. २०७६/७७ मा सार्वजनिक खरीद योजना तयार गरेको थियो/थिएन?**

(क) सार्वजनिक खरीद योजना तयार नभएको ☐ ० अंक
(ख) सार्वजनिक खरीद योजना तयार भैरहेको ☐ १ अंक

(ग) सार्वजनिक खरीद योजना तयार भई सोही अनुसार कार्यान्वयनमा आएको ☐ २ अंक

*(पुष्ट्याईको आधारः नगरपालिकाले तयार गरेको खरीद गुरु योजना र बार्षिक खरीद योजनाको दस्तावेज)*

**२१. गत आ.ब. २०७६/७७ मा नगरपालिकाको प्रशासनिक खर्चको अवस्था कस्तो रहेको थियो ?**

(क) आन्तरिक स्रोत र राजश्व बाँडफाडबाट प्रशासनिक खर्च नपुगेको ☐ ० अंक
(ख) आन्तरिक स्रोत र राजश्व बाँडफाडबाट प्रशासनिक खर्च पुगेको ☐ १ अंक
(ग) आन्तरिक स्रोतबाटमात्रै प्रशासनिक खर्च पुगेको ☐ २ अंक

*(पुष्ट्याईको आधारः वित्तीय विवरण)*

**२२. नगरपालिकाले सार्वजनिक खर्चको अनुमानित विवरण पेश गर्दा आगामी तीन बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार भएको छ/छैन ?**

(क) मध्यकालिन खर्च संरचना तयार गरेको छैन ☐ ० अंक
(ख) मध्यकालिन खर्च संरचना तयार भएको तर बजेट कार्यान्वयन नभएको ☐ १ अंक
(ग) मध्यकालिन खर्च संरचना अनुसार बजेट तयार भएको ☐ २ अंक

*(पुष्ट्याईको आधारः मध्यकालिन खर्च संरचनाको दस्तावेज)*

**२३. आ.ब. २०७६/७७ को कुल बजेटमा आन्तरीक आयको हिस्साको अवस्था कस्तो छ ?**

(क) १० प्रतिशतसम्म ☐ ० अंक
(ख) १० देखि २० प्रतिशतसम्म ☐ १ अंक
(ग) २० प्रतिशतभन्दा बढी ☐ २ अंक

*(प्रमाणिकरणको आधारः आलेप प्रतिवेदन वा लेखाशाखाले तयार गरेकोवित्तीय विवरण)*

**२४. आ.ब. २०७५/७६ को तुलनामा आ.ब. २०७६/७७ मा आन्तरीक आय (अ.ल्या. बाहेकको कर तथा गैरकर राजश्व मात्र) को बृद्धिको अवस्था कति प्रतिशत रहेको थियो ?**

(क) यथावत वा कम ☐ ० अंक
(ख) ५ प्रतिशतसम्म बृद्धि भएको ☐ १ अंक
(ग) ५ प्रतिशतभन्दा बढी बृद्धि भएको ☐ २ अंक

*(प्रमाणिकरणको आधारः आलेप प्रतिवेदन वा लेखा शाखाले तयार गरेको वित्तीय विवरण)*

**२५. आ.ब. २०७६/७७ मा कुल अनुमानित आन्तरिक आयको तुलनामा यथार्थ आयको अवस्था कस्तो रहेको थियो ?**

(क) ७५ प्रतिशत भन्दा कम ☐ ० अंक
(ख) ७६ देखि १२५ प्रतिशत ☐ १ अंक
(ग) १२५ प्रतिशतभन्दा वढी ☐ २ अंक

*(पुष्ट्याईको आधारः आ.ब. २०७६/७७ को बार्षिक कार्यक्रम तथा बजेट, आलेप प्रतिवेदन वा लेखाशाखाले तयार गरेको वित्तीय विवरण)*

**२६. आ.ब. २०७६/७७ मा नगरपालिकाले सभाबाट स्वीकृत गराई उत्पादनशिल, उद्यमशिलता, रोजगारीमूलक, आन्तरिक आय बृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरीक ऋृण लगायत बैकल्पिक वित्तीय स्रोत परिचालन (Alternative Financing) गरेको थियो/थिएन ?**

(क) आन्तरीक ऋृण लगायत बैकल्पिक स्रोत परिचालन नभएको ☐ ० अंक

(ख) आन्तरीक ऋण लगायत बैकल्पिक स्रोत परिचालन भएको ☐ २ अंक

*(पुष्ट्याईको आधारः आलेप प्रतिवेदन वा लेखाशाखाले तयार गरेको वित्तीय विवरण)*

**२७. आ.ब. २०७६/७७ मा नगरसभाले विनियोजन गरेको कुल पुँजीगत बजेट मध्ये खर्चको अवस्था कस्तो रहेको थियो ?**

(क) पुँजीगत बजेटको ४० प्रतिशत भन्दा कम खर्च भएको ☐ ० अंक
(ख) पुँजीगत बजेटको ४० देखि ६० प्रतिशत सम्म खर्च भएको ☐ १ अंक
(ग) पुँजीगत बजेटको ६० देखि ८० प्रतिशतसम्म खर्च भएको ☐ २ अंक
(घ) पुँजीगत बजेटको ८० प्रतिशतभन्दा बढी खर्च भएको ☐ ३ अंक

*(पुष्ट्याईको आधारः आलेप प्रतिवेदन वा लेखा शाखाले तयार गरेको खर्च विवरण)*

**२८. उत्पादन मूलक ब्यवसाय तथा स्थानीय उत्पादनको प्रबर्द्धन तथा बजारीकरण अवस्था कस्तो छ ?**

(क) प्रबर्द्धन तथा बजारीकरण गरिएको छैन ☐ ० अंक
(ख) स्थानीय बजारको ब्यवस्था गरिएको छ ☐ १ अंक
(ग) कृषिजन्य, सेवा मूलक, हस्तकला तथा घरेलु स्थानीय उत्पादन, ब्यवसायको प्रबर्द्धन र उत्पादनको बजारीकरणको समेत व्यवस्था मिलाईएको छ ☐ २ अंक

*(पुष्ट्याईको आधार : कृषि बजार, बजार व्यवस्थापन, बजेट विनियोजन, कार्यक्रम र अभिलेख)*

## (ङ) शहरी योजना, वातावरण, विपद् जोखिम व्यवस्थापन र उत्थानशीलता (पूर्णांक ३०)

**२९. नगरपालिकाले दिर्घकालिन सोच सहितको आवधिक लक्ष्य र बिषयक्षेत्रगत योजना सहितको एकिकृत शहरी बिकास योजना वा आवधिक योजना वा रणनीतिक योजना बनेको छ, छैन ?**

(क) एकिकृत शहरी बिकास वा आवधिक वा रणनीतिक योजना निर्माणको चरणमा छ ☐ १ अंक
(ख) एकिकृत शहरी बिकास, आवधिक र रणनीतिक योजनाको आधारमा मात्र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको छ ☐ २ अंक

*(पुष्ट्याइको आधारः आवधिक, योजना र वार्षिक नीति, कार्यक्रम र बजेट सम्बन्धी आधिकारिक कागजात)*

**३०. नगरपालिकासंग शहरी योजना तर्जुमाका देहायका आधारभूत औजारहरु मध्ये के के उपलब्धता छ ?**

(क) नगर पार्श्वचित्र, भूउपयोग योजना र डिजिटल वेस म्याप नभएको ☐ ० अंक
(ख) नगर पार्श्वचित्र मात्र भएको ☐ १ अंक
(ग) नगर पार्श्वचित्र सहित भूउपयोग योजना र डिजिटल वेस म्याप भएको ☐ २ अंक

*(पुष्ट्याइको आधारः नगर पार्श्वचित्र, भूउपयोग योजना, डिजिटल वेस म्याप जस्ता आधिकारिक दस्तावेज)*

**३१. शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड तर्जुमागरि कार्यान्वयनमा ल्याएको छ, छैन ?**

(क) भूउपयोग क्षेत्र सहित आवास तथा पूर्वाधार निर्माण मापदण्ड तर्जुमाको क्रममा रहेको ☐ १ अंक

(ख) भूउपयोग क्षेत्र अनुसार आवास तथा पूर्वाधार संरचना निर्माण पद्धति कार्यान्वयन भएको ☐ २ अंक

*(पुष्ट्याइको आधारः शहरी योजना तथा निर्माण सम्बन्धी आधारभूत मापदण्ड दस्तावेज, कार्यान्वयन निर्णय आदि)*

**३२. नगरपालिकाले व्यवस्थित शहरीकरणको लागि एकिकृत वस्ती बिकास सम्बन्धी कुनै परियोजना वा कार्यक्रम सञ्चालन गरेको छ छैन ?**

(क) परियोजना वा कार्यक्रम बिकासको चरणमा रहेको ☐ १ अंक

(ख) एकिकृत वस्तिको आयोजना कार्यान्वयनमा वा सम्पन्न भएको ☐ २ अंक

*(पुष्ट्याइको आधारः बिस्तृत परियोजना प्रतिवेदन, एकिकृत वस्ती बिकास आयोजना, कार्यान्वयन कार्ययोजना आदि)*

**३३. आवधिक र वार्षिक नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्यसंगको अन्तरसम्बन्धको अवस्था :**

(क) नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्य वीच नीतिगत अन्तरसम्बन्ध नरहेको ☐ ० अंक

(ख) नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्य वीच नीतिगत अन्तरसम्बन्ध रहेको ☐ १ अंक

(ग) नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्य वीच नीति, कार्यक्रम, सूचक श्रोत बिनियोजन तहमा अन्तरसम्बन्ध रहेको ☐ २ अंक

*(पुष्ट्याइको आधारः आवधिक योजना र बिषयक्षेत्रगत नीति, कार्यक्रम सूचक र बजेट सम्बन्धी आधिकारिक कागजात)*

**३४. आवधिक तथा वार्षिक नगर बिकास योजना तर्जुमा गर्दा Result Based Framework मा आधारित छ छैन ?**

(क) सूचक प्रचलनमा छैन । ☐ ० अंक

(ख) बिषयक्षेत्रगत रुपमा आधार सुचक र लक्ष्य सूचक सहित योजना तर्जुमा गर्ने गरिएको छ ☐ २ अंक

*(पुष्ट्याइको आधारःआवधिक, बिषयक्षेत्रगत र वार्षिक योजना दस्तावेज)*

**३५. नगरपालिकाको परियोजना, कार्यक्रम र बजेट बिनियोजन पद्धति ?**

(क) बिषयक्षेत्र तथा उपक्षेत्रगत रुपमा एकमुष्ट बिनियोजन ☐ ० अंक

(ख) बिषयक्षेत्र तथा उपक्षेत्रगत रुपमा कार्यक्रमको आधारमा बिनियोजन ☐ १ अंक

(ग) बिषयक्षेत्र तथा उपक्षेत्रगत प्राथमिकता र कार्यक्रमको आधारमा बिनियोजन ☐ २ अंक

*(पुष्ट्याइको आधारः बिषयगत समिति तथा बजेट समितिको निर्णय पुस्तिका, वार्षिक योजना दस्तावेज)*

**३६. नगरपालिकाले आयोजना बैङ्क बनाएको छ छैन ?**

(क) आयोजना बैङ्क बनाएको छैन ☐ ० अंक

(ख) आयोजना बैङ्क बनाएको छ ☐ १ अंक

(ग) आयोजना बैङ्क बाट प्राथमिकताका आधारमा आयोजनाहरुको छनौट गरि वजेटमा समावेस गरि कार्यान्वयनमा ल्याएको छ ☐ २ अंक

*(पुष्ट्याइको आधारः आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना, वार्षिक योजना दस्तावेज)*

**३७. अन्तर पालिका सहकार्य (IMC) अवधारणा, नीति वा सहकार्य सम्बन्धी कुनै अभ्यास सुरु भएको छ ?**

(क) सहकार्य नीति तर्जुमा र कार्यान्वयन प्रक्रिया शुरु भएको अवस्था ☐ १ अंक

(ख) संयुक्त परियोजना कार्यान्वयनमा आइसकेको अवस्था ☐ २ अंक

*(पुष्ट्याइको आधारः अन्तर पालिका सहकार्य अवधारणापत्र, साझा संयन्त्र निर्माण दस्तावेज, साझा परियोजना आदि)*

**३८. नगरपालिकाले शहरी वातावरण संरक्षण (जैविक विविधता, जलाधार क्षेत्र, फोहरमैला, ढल निकास तथा दिशाजन्य लेदो व्यवस्थापन, हरियालीकरण, नविकरणीय उर्जा) सम्बन्धी तथ्यांकमा आधारित एकिकृत वा बिषयगत योजना तर्जुमा गरेको छ, छैन ?**

(क) शहरी वातावरण संरक्षण सम्बन्धी एकिकृत वा बिषयगत योजना छैन ☐ ० अंक

(ख) एकिकृत वा बिषयगत योजना तर्जुमाको क्रममा छ ☐ १ अंक

(ग) एकिकृत योजना तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयनमा छ ☐ २ अंक

*(पुष्ट्याइको आधारः एकिकृत वा बिषयगत योजना, अध्ययन, नीति, योजना तथा कार्यक्रम दस्तावेज )*

**३९. नगरपालिकसंग नगरवासीहरुको खानेपानी पहुँच सम्बन्धी वर्तमान अवस्था :**

(क) ८० प्रतिशत भन्दा कम घरधुरीको पहुँचको अवस्था ☐ ० अंक

(ख) ८० देखि ९० प्रतिशत घरधुरीको पहुँचको अवस्था ☐ १ अंक

(ग) ९० प्रतिशत भन्दा वढी घरधुरीको पहुँचको अवस्था ☐ २ अंक

*(पुष्ट्याइको आधारः खानेपानी पहुँच सम्बन्धी तथ्यांक, अध्ययन दस्तावेज, नगरपालिकाको पार्श्वचित्र)*

**४०. नगरपालिकाको फोहोरमैला निष्काशन, संकलन, ढुवानी, र अन्तिम व्यवस्थापन पद्धति कस्तो छ ?**

(क) एकमुष्ट रुपमा संकलन गरी नदी किनारा, जंगल वा खुल्ला ठाउँमा बिसर्जन ☐ ० अंक

(ख) 3R अवधारणा अनुसार स्रोतमै वर्गिकरण गरी उपयोगी वस्तुको अधिकतम उपयोग ☐ १ अंक

(ग) उपयोग विहिन फोहरमात्र व्यवस्थित अन्तिम विसर्जन केन्द्रमा बिसर्जन ☐ २ अंक

*(पुष्ट्याइको आधारः फोहरमैला व्यवस्थापन सम्बन्धी पद्धति सम्बन्धी दस्तावेज आदी)*

**४१. नगरपालिकाले आफ्नो नगरलाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने नीति, कार्यक्रम कार्ययोजना तयार गरेको छ छैन ?**

(क) नीति, कार्यक्रम र श्रोत बिनियोजन नभएको ☐ ० अंक

(ख) नीति, कार्यक्रम, श्रोत बिनियोजन सहित कार्ययोजना तर्जुमा भई कार्यान्वयनमा रहेको ☐ १ अंक

(ग) सूचक पूरा भई पूर्ण सरसफाईयुक्त नगर घोषणाको चरणमा रहेको ☐ २ अंक

*(पुष्ट्याइको आधारः पूर्ण सरसफाइ सम्बन्धी नीति, कार्यक्रम, कार्यान्वयन मापन सम्बन्धी दस्तावेज)*

**४२. नगरपालिकासंग विपद जोखिम नक्सांकन, योजना तर्जुमा, आपतकालिन कार्यसंचालन केन्द्र स्थापना** स्थापना **र उद्धार सामाग्रीहरु तयारी अवस्थामा राखेको छ, छैन ?**

(क) कुनै व्यवस्था नभएको ☐ ० अंक

(ख) विपद् जोखिम नक्सांकन, आपतकालिन उद्धार केन्द्र स्थापना भएको छ ☐ १ अंक

(ग) विपद् जोखिम नक्सांकन, उद्धार राहत सामाग्री सहितको आपतकालिन उद्धार केन्द्र पूर्ण तयारी अवस्थामा रहेको छ ☐ २ अंक

*(पुष्ट्याइको आधारः आपतकालिन उद्धार सामाग्री केन्द्रको भौतिक अवस्था, उद्धार सामाग्रीको स्टक)*

**४३. नगरपालिकाको विपद् व्यवस्थापन कोषको संचालन र विपद व्यवस्थापन समितिहरुको क्रियाशीलता र व्यवस्थापन गरिएको छ, छैन ?**

(क) विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छैन ☐ ० अंक

(ख) विपद् व्यवस्थापन कोष तथा बजेट विनियोजन गरिएको छ, ☐ १ अंक

(ग) विपद् व्यवस्थापन कोषमा विनियोजित रकम खर्च गर्ने कार्यविधि समेत छ, ☐ २ अंक

*(पुष्ट्याइको आधारः विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, श्रोत विनियोजन र निर्णय पुस्तिका)*

## (ङ) कोभिड १९ महामारीको नियन्त्रण र व्यवस्थापन (पूर्णांक १०)

**४४. नगरपालिकाले कोभिड १९ कोषको स्थापना र संचालन कसरि गरेको छ ?**

(क) कोभिड कोषको स्थापना र संचालन गरेको छैन ☐ ० अंक

(ख) कोभिड कोषको स्थापना गरि संचालन गरेको छ ☐ १ अंक

(ग) कोभिड कोषको स्थापना र संचालन कार्यविधि समेत तयार गरि गरेको छ ☐ ३ अंक

*(पुष्ट्याइको आधारः कोभिड कोष, कोष संचालन कार्यविधि, श्रोत विनियोजन र निर्णय पुस्तिका)*

**४५. नगरपालिकाले कोभिड १९ नियन्त्रणको लागी खर्च व्यवस्थापन कसरी गरेको छ ?**

(क) सोभै अन्य शिर्शकबाट कोभिड कोषमा रकमान्तर गरि ☐ ० अंक

(ख) नागरिक, गैर सरकारी संस्था र नीजि क्षेत्रको परिचालनबाट सोभै वितरण ☐ १ अंक

(ख) Public, Private, Partnership (PPP) मोडलमा राहत सामाग्री/रकम संकलन गरि कोभिडकोष मार्फत ☐ ३ अंक

*(पुष्ट्याइको आधारः कोभिड कोष, PPP मोडल श्रोत विनियोजन र निर्णय पुस्तिका)*

**४६. नगरपालिले कोभिड १९ नियन्त्रणको लागी गरेको कूलखर्चमा बेरुजु कति प्रतिशत रहेको छ ?**

(क) दश प्रतिशत भन्दा बढी ☐ ० अंक

(ख) दश प्रतिशत भन्दा कम ☐ १ अंक

(ग) पाँच प्रतिशत भन्दा कम ☐ २ अंक

(ग) बेरुजु छैन ☐ ४ अंक

*(पुष्ट्याइको आधार : लेखा परिक्षण प्रतिवेदन)*

| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
| --- | --- | --- |
| ...................................... | ........................................... | ........................................... |
| ...................................... | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

*मिति : २०७७/ /* *कार्यालयको छाप*